आज मिति २०८३/०६/१८ गते आइतबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८३/०८४ को तेश्रो गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी..........
२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई..........
३. का.वा वडाअध्यक्ष : श्री खड्ग बहादुर राई..........
४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या..........
५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ..........
६. वडा अध्यक्ष : श्री धनपति गिरी..........
७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ..........
८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ..........
९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु..........
१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती..........
११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई..........
१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती..........
१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........
१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया..........
१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........
१६. **सदस्य-सचिव** श्री टोपेन्द्र कुमार लिम्बु..........
१७. लेखा अधिकृत श्री इश्वरी प्रसाद पाण्डे..........
१८. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३।०६।१८ ने.सं. ११४६ ञंलागा ८ बैठक संख्या ३

**प्रस्तावहरु:-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. असुल उपर बेरुजु केन्द्रिय तहशिल कार्यालयमा पठाउने सम्बन्धमा ।
३. राजिनामा गरेका स्थायी कर्मचारीको सेवा सुविधा भुक्तानी सम्बन्धमा ।
४. अमरपुर स्वास्थ्य चौकीको भुक्तानी सदर गर्ने सम्बन्धमा ।
५. प्रवेश परिक्षामा सहभागि हुन पुर्व स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।
६. IEE को लागि प्राविधिक समिति गठन सम्बन्धमा ।
७. जैसीबारी खानेपानी तथा सिचाई आयोजनाको लागि पाइप खरिद गरि हस्तान्तरण गर्ने सम्बन्धमा ।
८. आर्थिक सहायता सम्बन्धमा ।
९. विपदबाट क्षति पुगेका योजनाहरुको मर्मत संभार सम्बन्धमा ।
१०. अन्य आर्थिक सहायता सम्बन्धमा ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिलः**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय | विषय | निर्णयको ब्यहोरा |
|---|---|---|---|---|---|
| १. | १२३ | २०८३-०६-१३ | श्री भूमि व्यवस्था, सहकारी तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (प्रदेश तथा स्थानीय तह समन्वय शाखा) | कृषि कार्यक्रम सञ्चालन गर्दा कृषकको किसान सुचिकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर अनिवार्य रुपमा प्रयोग गर्ने सम्बन्धमा। | स्थानीय तहबाट सञ्चालन हुने बार्षिक स्वीकृत तथा शसर्त कृषि कार्यक्रमहरु कार्यान्वयन गर्दा कृषकको किसान सुचिकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर अनिवार्य रुपमा प्रयोग गर्ने। |
| २. | ४६ | २०८३-०६-१३ | श्री भूमि व्यवस्था, सहकारी तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् समन्वय शाखा) | नीतिगत सिफारिस सम्बन्धमा । | राष्ट्रिय महिला आयोगको नीतिगत सिफारिस कार्यान्वयन गर्ने। |

**निर्णय नं- २**

महालेखा परीक्षकको आ व २०७९/०८० को लेखापरीक्षणबाट औंल्याइएको तपशिलका बेरुजु रकम तोकिएको समयभित्र फस्यौंट नभएकाले उक्त रकम सरकारी बाँकीसरह असुलउपर गर्नका लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो।

क. **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ क (१) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढने गरी पेश्की दिन सक्ने, दफा ५२क(६) अनुसार निर्माण व्यवसायी लिएको पेश्की सम्बन्धित काममा प्रयोग गरेको नपाइएमा उक्त बैंक जमानत जफत गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले प्रशासकीय भवन निर्माण कार्यको लागि विभिन्न मितिमा मोबिलाईजेशन पेश्कीबापत रु. १,६०,७४,०००।- उपलब्ध गराएकोमा मिति २०७९।८।२५ गतेको निर्णयानुसार उक्त ठेक्काको निर्माण**

**व्यवसायीलाई कालोसूचीमा राखी ठेक्का प्रकृया अन्त्य भइसकेको देखिन्छ । पालिकाको बैंक स्टेटमेण्टअनुसार ईस्वी संवत् सेप्टेम्बर २६, २०२३ मा नबिल बैक लि. (साबिक बंगलादेश बैक लि.), बिर्तामोड, झापाबाट जारी NB:023:GT:AP: 00189/022 को पेश्की बैंक जमानत जफत गरी रु. १,१०,७४,०००.०० राजस्व खातामा दाखिला भएको छ । पालिकाले अझैपनि कृषि विकास बैंक, फिदिम शाखाबाट जारी भएको अनुसूचीमा संलग्न विवरणबमोजिमको रु. ५०,००,०००.०० को बैंक जमानतको म्याद समाप्त भइसकेको भएपनि उक्त बैंक जमानत जफत गरी लेखापरीक्षण गरेको अवधिसम्म राजस्व खातामा दाखिला भएको देखिएन । पालिकाले सम्बन्धित बैंक शाखाबाट बाँकी बैंक जमानत जफत गरी राजस्वमा दाखिला गर्न थप पहल गर्नुपर्ने देखिन्छ ।** भनि बेरुजु कायम गरेकोमा पालिकाले पटक पटक कृषि विकास बैंकलाई जमानत बापतको रकम दाखिलाका लागि ताकेता गर्दा समेत उक्त रकम बैंकबाट दाखिला नगरेको हुदाँ सोही रकम निर्माण व्यवसायी वा सम्बन्धित बैंकबाट असुल गरिदिनका लागि केन्द्रिय तहसिल कार्यालयमा आवश्यक कागजात संलग्न गरि पठाउने निर्णय गरियो ।

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

ख. **सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्बजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । त्यस्तै सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रशासकीय भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रयोग हुने फलामे डण्डीको BAR BENDING SCHEDULE को आधारमा खपत हुने परिमाण गणना नगरी एकमुष्ट प्रतिशतका आधारमा परिमाण कायम गरेको पाइयो । उक्त भवनको संरचना (STUCTURE) अनुसार बढीमा १.५ प्रतिशतसम्म औषतमा राख्नुपर्नेमा २.९४ प्रतिशत राखेको पाइयो । पालिकाले प्रथम रनिङ्ग बिलको कार्य मूल्याङ्गन हुँदा अनुसूचीबमोजिम फलामे डण्डीको प्रयोग फाउण्डेशनको फुटिङ्ग, टाई बिम र प्लिन्थ बिममा मात्र प्रयोग भएको परिमाणको आधारमा नापी किताबअनुसार भएको कार्य RCC 1:1.5:3 ३१९.०९ घ.मी. को औषतमा १.२५ प्रतिशत मात्र REINFORCEMENT को परिमाण राख्नुपर्नेमा २.५ प्रतिशत राखी भुक्तानी दिएको छ । यसरी बढी कार्य परिमाण बापत भुक्तानी भएको रकम रु. ३५,०२,६५० पालिकाबाट यकिन गरी असुल हुनुपर्दछ ।** व्यहोराको बेरुजु कायम भएकोमा पालिकाले एस ए एस कन्स्ट्रक्शन, बिराटनगर मोरङ लाई ताकेता गर्दा समेत रकम दाखिला उक्त रकम दाखिला नगरेको हुदाँ सोही रकम असुल गरिदिनका लागि केन्द्रिय तहसिल कार्यालयमा आवश्यक कागजात संलग्न गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. - ३**

यस हिलिहाङ गाउँपालिकामा प्रदेश लोकसेवा आयोग कोशी प्रदेश विराटनगरबाट स्थायी नियुक्तिका लागि सिफारिस भई मिति २०८१।१२।०३ गते स्थायी नियुक्ति लिनुभएका श्री नारायणी कर्डेललेे मिति २०८३ भाद्र १ गते नेपाल कृषि

अनुसन्धान परिषद्को चौथो तहमा सिफारिस भई यस कार्यालयमा स्वेच्छिक रुपमा राजिनामा पेश गरि स्वीकृत भई सकेको हुदाँ कार्यालयमा रहेको निजको हाजीरी अभिलेखका आधारमा देहाय बमोजिमको संचित घर विदा, विरामी विदा तथा औषधि उपचार खर्च भुक्तानी कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० को दफा ४९ बमोजिमको उपचार खर्च, दफा ११४(५) घर विदा, ११५(७) बमोजिमको विरामी विदा बापतको रकम कर्मचारी कल्याणकोषबाट भुक्तानि दिन प्रमुख प्रशासकी अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ४**

अमरपुर स्वास्थ्य चौकीको भवन निर्माण कार्यको अन्तिम बिल भुक्तानीका लागि रीतपूर्वक पेश हुन आएको भुक्तानी माग, बिल, भर्पाई, कार्यसम्पन्न प्रतिवेदन तथा प्राविधिकको मूल्याङ्कन प्रतिवेदन समेत संलग्न नियमानुसार प्राविधिक तथा प्रशासनिक जाँचबुझ भई भुक्तानीका लागि उपयुक्त देखिएकाले स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेटको सीमाभित्र रही, निर्माण व्यवसायी ग्रीनफिल्ड कन्स्ट्रक्शन प्रा लिलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम क्षतिपूर्ति कट्टा गरि अनुगमन समितिको सिफारिसका आधारमा भुक्तानी सदर गर्ने र भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. – ५**

हिलिहाङ गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र, गोपेटारमा नर्सिङ निरिक्षक पदमा कार्यरत कर्मचारी (क.स.न. २१५२२०) संगिता जबेगुले चिकित्सा शिक्षा आयोगबाट सञ्चालन हुने ब्याचलर इन नर्सिङ साइन्स(BNS) तहको Common Entrance Examination मा सरकारी कोटाबाट सहभागि हुनका लागि यस कार्यालय समक्ष पुर्वस्वीकृति प्रदान गरियोस भनि दिनु भएको निवेदन बमोजिम कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२० तथा अन्य प्रचलित ऐन तथा नियम समेतका आधारमा उक्त प्रवेश परिक्षामा सरकारी कोटाबाट सहभागि हुनका लागि आवश्यक पूर्वस्वीकृति प्रदान गर्ने।

**निर्णय नं. – ६**

तमोर नदी, कावेली खोला तथा हेवा खोलाको ढुङ्गा, गिटी, वालुवाको उत्खननको लागि प्रारम्भिक वातावरणीय परिक्षणको प्रक्रियाको लागि हिलिहाङ गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय कार्यविधि-२०७७ को दफा १४ बमोजिम कार्यसूची तथा प्रतिवेदन स्वीकृति पुर्व प्राविधिक पक्षको अध्ययन, विश्लेषण तथा पुनरावलोकन गरी कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने।

देहाय :-

१. भुपेन्द्र कुमार बोहरा - संयोजक
२. दुर्गा प्रसाद तिमसिना - सदस्य
३. गम्भिर राई - सदस्य सचिव

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. – ७**

प्रस्ताव नं ७ को विषयमा अस्वाभाविक लागत अनुमान तयार भएकोले आगामी बैठकमा निर्णय हुने गरि यो बैठकमा निर्णय हुन नसकेको।

**निर्णय नं. – ८**

"हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" को दफा (८) बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

| क्र.सं. | नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | युबराज विश्वकर्मा | हिलिहाङ-७ | घुँडाको पाङ्ग्रा फुटेको | २५०००।- | अति विपन्न वडा अध्यक्षको पहिचानका आधारमा |
| २. | तुलाराशी माया हाङसरुम्बा | हिलिहाङ-६ | खट्टामा समस्या हिन्न नसक्ने अवस्थमा रहेको | २५०००।- | अति विपन्न वडा अध्यक्षको पहिचानका आधारमा |
| ३. | भुपाल घिमिरे | हिलिहाङ-५ | छोराको खुट्टा नचल्ने | २००००।- | अति विपन्न वडा अध्यक्षको पहिचानका आधारमा |

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. – ९**

यस हिलिहाङ गाउँपालिकाभित्र लामो समय बर्षातको कारण गाउँपालिका क्षेत्रभित्र रहेका देहायका योजनाहरु ठूलो क्षती पुग्न गई पहिरोले बगाउने, भत्काउने र अवरुद्ध गर्ने कार्य भएकोले प्राविधिकको स्टिमेट अनुसार उपभोक्ता समितिबाट सम्पन्न गर्ने गरी गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

देहायः

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | लागत अनुमान | स्विकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | हिलिहाङ दरबार मर्मत संभार | हिलिहाङ - ४ | लागत अनुमान बमोजिम | लागत अनुमान बमोजिम | |
| २ | पखेरे सिगप्लिङ खानेपानी मर्मत | हिलिहाङ – ६ | लागत अनुमान बमोजिम | लागत अनुमान बमोजिम | |

मिति २०८३।०६।१८ ने.सं. ११४६ ञंलागा ८ बैठक संख्या ३

**निर्णय नं. – १०**

क. हिलिहाङ गाउँपालिकाको वडा नं ७ मा दशैंको पावन अवसरमा खेलकुद कार्यक्रम संचालनका लागि न्यू इन्द्रेणी क्लबले आयोजनाका लागि आर्थिक सहयोग माग गरेको हुँदा उक्त क्लबलाई कार्यक्रम संचालनका लागि रु १,००,०००।०० एक लाख रुपैंया आर्थिक सहयोग अन्य आर्थिक सहायता शिर्षकबाट आवश्यक बिल भर्पाइ र कागजातका आधारमा भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ख. हिलिहाङ गाउँपालिकाको वडा नं २ को खेलाडीहरु हिलिहाङ गापा क्षेत्र बाहिर खेलकुद कार्यक्रममा सहभागी हुँदा लाग्ने खर्चमध्ये रु ३००००।०० तीस हजार रुपैंया युवा खेलाडी अन्तर पालिका /जिल्ला सहभागीताको लागि व्यवस्थापन शिर्षकबाट भुक्तानीका लागि आवश्यक बिल भर्पाई र कागजातका आधारमा भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत